21 May, 2025

NATIONAL NEWS

मुख्य समाचार

- छत्तीसगढमा सुरक्षा बलसँगको भिडन्तमा २७ जना नक्सली मारिए, गृहमन्त्रीले ठूलो उपलब्धी बताउनुभयो
- विकसित भारतको लक्ष्य पूरा गर्न सिमानामा शान्ति आवश्यक रहेको उपराष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले भोलि १०३ अमृत स्टेशनहरूको गर्नुहुनेछ उद्घाटन
- खुजदारमा भएको घटनामा भारतीय संलग्नताको पाकिस्तानको आरोपलाई भारतले बतायो निराधार
- पाकिस्तान प्रायोजित आतंकवादको पर्दाफास गर्न दुई सर्वदलीय प्रतिनिधिमण्डल नौ देशको यात्रामा
- लिपुलेख र नथुला मार्गबाट कैलाश मानसरोबर यात्रा गर्ने 750 तीर्थ यात्री चयन
- आइपीएलमा अहिले मुम्बई र दिल्लीको भिडन्त हुँदै

छत्तीसगढ-भिडन्त

छत्तीसगढको नारायणपुर जिल्लाको अबुझमद क्षेत्रमा आज सुरक्षा बलसँगको भिडन्तमा २७ जना नक्सली मारिएका छन्। भिडन्तमा एक कुख्यात नक्सली नेता पनि मारिएको खबर छ। सुरक्षाकर्मीहरूले घटनास्थलबाट मारिएका नक्सलीहरूको शव प्राप्त गरेका छन्।

गोलीबारीमा एक सुरक्षाकर्मीको पनि मृत्यु भएको छ। सुरक्षा बललाई अबुझमद क्षेत्रमा ठूलो संख्यामा कुख्यात माओवादी र नक्सलवादीहरूको उपस्थितिको बारेमा गुप्त सूचना प्राप्त भएको थियो। यसपछि, छत्तीसगढको नारायणपुर, दन्तेवाडा, बिजापुर र कोंडागाउँ जिल्लाका जिल्ला रिजर्भ गार्डका टोलीहरूले दुई दिन अघि संयुक्त अपरेशन सुरु गरेका थिए।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले छत्तीसगढमा माओवादीहरू विरुद्धको कारबाहीमा सुरक्षा बलको उल्लेखनीय सफलतामाथि गर्व व्यक्त गर्नुभएको छ। श्री मोदीले सरकार माओवादलाई उन्मूलन गर्न र देशका जनताको शान्ति र प्रगतिको जीवन सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ।

गृहमन्त्री श्री अमित शाहले छत्तीसगढमा माओवादीहरू विरुद्धको आजको कारबाहीलाई नक्सलवाद उन्मूलन गर्ने लडाइँमा ऐतिहासिक उपलब्धि बताउनु भएको छ।

श्री शाहले नारायणपुर अपरेशनमा सुरक्षा बलले २७ जना खतरनाक माओवादीहरूलाई मारेको बताउनु भयो, जसमा नम्बाला केशव राव उर्फ बसवराजु पनि समावेश थिए। केशव भाकपा-माओवादीका महासचिव, एक शीर्ष नेता र नक्सल आन्दोलनका मेरुदण्ड थिए। गृहमन्त्रीले

भन्नुभयो,  देशको नक्सलवाद विरुद्धको लडाईंको तीन दशकमा पहिलो पटक सेनाद्वारा महासचिव स्तरका प्रमुखको हत्या गरिएको छ। यो ठूलो सफलताको लागि उहाँले सुरक्षा बल र एजेन्सीहरूको प्रशंसा गर्नुभएको छ।

गृहमन्त्रीले अपरेशन ब्ल्याक फरेस्ट पूरा भएपछि छत्तीसगढ, तेलंगाना र महाराष्ट्रमा ५४ जना नक्सलवादी पक्राउ परेको र ८४ जना नक्सलवादीले आत्मसमर्पण गरेको जानकारी दिनु भयो। उहाँले भन्नुभयो, मोदी सरकार मार्च २०२६ अघि नक्सलवाद उन्मूलन गर्न प्रतिबद्ध छ।

## उपराष्ट्रपति गोवा

उपराष्ट्रपति श्री जगदीप धनखडले भन्नुभएको छ, "हाम्रो लक्ष्य २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र, विकसित भारत बनाउने हो। यसका लागि प्रतिव्यक्ति आयमा आठ गुणा वृद्धि आवश्यक छ। यो तब मात्र सम्भव हुनेछ जब हाम्रो सिमानामा शान्ति हुनेछ। युद्ध जस्तो अवस्थामा आर्थिक विकास हुन सक्दैन। विकास र प्रगतिको लागि शान्ति आवश्यक छ। शान्ति शक्तिबाट आउँछ भन्दै उहाँले भन्नुभयो, सुरक्षाको शक्ति, आर्थिक शक्ति, विकासको शक्ति र राष्ट्रवादप्रति गहिरो, अटल र निस्वार्थ प्रतिबद्धता। उहाँले अझ भन्नुभयो, राष्ट्रिय सुरक्षाको लागि राष्ट्रवादप्रति अटल प्रतिबद्धता र निरन्तर तयारी आवश्यक छ।

गोवाको मोरमु गाओ बन्दरगाहमा सौर्य ऊर्जा प्लान्ट, दुई बन्दरगाह मोबाइल क्रेन र कोइला ह्यान्डलिङका लागि कभर डोमको व्यावसायिक सञ्चालनको उद्घाटन गरेपछि अपरेशन सिन्दूरको प्रशंसा गर्दै श्री धनखडले भन्नुभयो, सम्पूर्ण विश्वलाई भारतले आफ्नो स्पष्ट सन्देश दिएको छ।

## पीएम-अमृत स्टेशन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि अमृत भारत स्टेशन योजना अन्तर्गत पुनर्विकास गरिएका १०३ वटा रेलवे स्टेशनहरूको उद्घाटन गर्नु हुनेछ। यो भारतीय रेलवेको आधुनिकीकरणतर्फको एक ऐतिहासिक कदम हो।

भोलि भारतीय रेलवेको पूर्वाधारका लागि ऐतिहासिक दिन हुने श्री मोदीले बताउनुभएको छ। अमृत स्टेशनहरू सुविधाजनक मात्र हुनेछैनन्, यिनले कनेक्टिभिटीलाई पनि बढावा दिनेछन् र हाम्रो गौरवशाली संस्कृतिको वाहक बन्नेछन्, उहाँले भन्नुभयो।

भारत–पाकिस्तान

भारतले आज खुजदारमा भएको घटनामा भारतीय संलग्नताको पाकिस्तानको आरोपलाई निराधार बताउँदै अस्वीकार गरेको छ। आतंकवादको वैश्विक केन्द्रको रूपमा रहेको आफ्नो प्रतिष्ठाबाट ध्यान हटाउन र आफ्ना प्रमुख असफलताहरू लुकाउन सबै आन्तरिक मुद्दाहरूको लागि भारतलाई दोष दिनु पाकिस्तानको स्वभाव बनेको विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जयसवालले आज नयाँ दिल्लीमा बताउनुभयो। उहाँले भन्नुभयो, संसारलाई भ्रमित गर्ने पाकिस्तानको यो प्रयास असफल हुनेछ। प्रवक्ताले भन्नुभयो,  भारतले यस्ता सबै घटनाहरूमा भएको जनधनको क्षतिप्रति समवेदना प्रकट गर्दछ।

सर्वदलीय प्रतिनिधिमण्डलको भ्रमण

भारतले पाकिस्तान प्रायोजित आतंकवादको खुलासा गर्न आफ्नो आक्रामक वैश्विक अभियान सुरु गरेको छ। यस अन्तर्गत आज दुई सर्वदलीय प्रतिनिधिमण्डल नौ देशको भ्रमणका लागि प्रस्थान गरेका छन्।

जनता दल (युनाइटेड) का सांसद श्री सञ्जय कुमार झाको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डलले अपरेशन सिन्दूरमा भारतको पक्ष राख्न पाँच देश- इन्डोनेसिया, मलेसिया, दक्षिण कोरिया, जापान र सिंगापुर - को भ्रमणको लागि प्रस्थान गरेको छ। शिवसेना सांसद श्री श्रीकान्त शिन्देको नेतृत्वमा अर्को प्रतिनिधिमण्डल संयुक्त अरब अमिरात, लाइबेरिया, कङ्गो र सियरा लियोनको भ्रमणमा छ।

कैलाश मानसरोवर यात्रा ड्र

यस वर्षको कैलाश मानसरोवर यात्राको लागि कुल ७५० तीर्थयात्री छनोट भएका छन्। आज नयाँ दिल्लीमा विदेश राज्यमन्त्री श्री कीर्ति वर्धनको उपस्थितिमा अनलाइन कम्प्युटराइज्ड ड्र मार्फत तीर्थयात्रीहरूको छनोट गरिएको थियो। तीर्थयात्रीहरूको पहिलो समूह ३० जुनमा प्रस्थान गर्नेछ। अन्तिम समूहले यस वर्ष २५ अगस्तमा यात्रा समापन गर्नेछ। यस वर्ष, ५० तीर्थयात्रीहरूको कुल १५ समूह कैलाश मानसरोवर यात्राको लागि प्रस्थान गर्नेछन्। १५ वटा समुहमध्ये पाँचवटा उत्तराखण्डको लिपुलेख मार्गबाट अनि १० वटा समुहले सिक्किमको नाथुला मार्गबाट कैलाश मानसरोवरको यात्रा गर्नेछन्।  कार्यक्रमलाई सम्बोधन गर्दै श्री वर्धनले तीर्थयात्रीहरूलाई सहज र सुरक्षित अनुभव प्रदान गर्न व्यापक व्यवस्था गरिएको बताउनुभयो।

उहाँले तीर्थयात्रीहरूको सुरक्षा सर्वोच्च प्राथमिकता भएको बताउनु भयो। यसका लागि भारत-तिब्बत सीमा पुलिस र अन्य सुरक्षा बलहरू तैनाथ गरिएको उहाँले जानकारी दिनुभयो।

बानु बुकर

बानु मुश्ताकको कथा संग्रह 'हार्ट ल्याम्प' ले लन्डनमा अन्तर्राष्ट्रिय बुकर पुरस्कार जितेको छ। सुश्री बानु मुश्ताक प्रतिष्ठित अन्तर्राष्ट्रिय बुकर पुरस्कार जित्ने पहिलो भारतीय कन्नड लेखिका बन्नुभएको छ। उहाँको पुरस्कार विजेता कृति "हार्ट ल्याम्प" दीपा भास्थीद्वारा अंग्रेजीमा अनुवाद गरिएको बाह्र कथाहरूको संग्रह हो।

शेप अफ मोमो-कान्स

सिक्किमकी सुश्री त्रिबेणी राईद्वारा निर्देशित निर्माणाधीन नेपाली फिचर फिल्म 'शेप अफ मोमो' कान्स फिल्म महोत्सवको प्रतिष्ठित "HAF गोज टु कान्स" कार्यक्रमको लागि छनोट भएको छ। यो फिल्मलाई हालै एसियाबाट छनोट गरिएका पाँच परियोजनाका रूपमा कान्स फिल्म बजारमा वैश्विक फिल्मकर्मीहरूसमक्ष प्रस्तुत गरिएको थियो।

ब्याडमिन्टन-मलेसिया ओपन

भारतका एचएस. प्रणय र किदाम्बी श्रीकान्त मलेसिया मास्टर्स ब्याडमिन्टन प्रतियोगिताको दोस्रो चरणमा पुगेका छन्।

आइपीएल क्रिकेट

आइपीएल टी-२० क्रिकेटमा अहिले मुम्बईमा मुम्बई इन्डियन्स र दिल्ली क्यापिटल्सको खेल शुरु भएको छ।

हिजो दिल्लीमा भएको खेलमा राजस्थान रोयल्सले चेन्नई सुपर किंग्सलाई 6 विकेटले पराजित गरेको थियो।